# ढाका उद्योग प्रवर्द्धन तथा अतिथि सत्कारसम्बन्धी कार्यविधि, २०८२

म्याङलुङ नगरपालिकामा विभिन्न समयमा पाल्नु हुने अतिथिहरुको स्वागत तथा सत्कारमा स्थानीय स्तरमा उत्पादित ढाकाका सामग्रीको उपयोग तथा अतिथिहरुको स्वागतमा हुने खर्चलाई व्यवस्थित, मितव्ययी बनाई एकरुपता समेत कायम गर्न वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्याविधि जारी गरिएको छ ।

परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम म्याङलुङ नगरपालिकाको ढाका प्रबर्धन तथा अतिथि सत्कार कार्यविधि, २०८२ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः बिषय वा प्रसंगले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,

(क) ऐन भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्नेछ ।

(ख) कार्यविधि भन्नाले म्याङलुङ नगरपालिकाको ढाका प्रबर्धन तथा अतिथि सत्कार कार्यविधि २०८२ सम्झनु पर्नेछ ।

(ग) ढाका भन्नाले स्थानीय स्तरमा उत्पादन गरिएका ढाकाका सामग्री सम्झनु पर्नेछ ।

(घ) अतिथि भन्नाले म्याङलुङ नगरपालिकामा नगरपालिकासँग सम्बन्धित कामले पाल्नु हुने राजनीतिक, साहित्यिक, सामाजिक, प्रशासनिक, शैक्षिक, धार्मिक, प्राविधिक आदि दृष्टिले राष्ट्रिय, क्षेत्रीय एवम् जिल्लास्तरीय विशिष्ट ब्यक्तित्व सम्झनु पर्नेछ ।

परिच्छेद-२

## ढाकाका सामग्रीको प्रयोगको प्रक्रिया

३.नगर क्षेत्र भित्र पाल्ने अतिथिहरुको स्वागत तथा सम्मानमा स्थानीय स्तरमा उत्पादन गरिएका ढाका सामग्री मात्रै प्रयोग गर्नुपर्नेछ।

संजय कुमार तुम्बाहाम्फे
नगर प्रमुख

४.नगरपालिमा पाल्ने अतिथिहरुको संख्या एकिन गरी एक आर्थिक वर्ष भरी पुग्ने गरी वार्षिक बजेटको सीमाभित्र रही जिन्सी शाखाले **ढाका प्रवर्द्धन तथा अतिथि सत्कार** शीर्षकबाट सार्वजनिक खरिद ऐन बमोजिमको प्रक्रिया पुऱ्याई एकमुष्ट खरिद गरी सुरक्षित भण्डारण गर्नुपर्नेछ।

५.अतिथिलाई मितव्ययी ढंगले न्युनतम मूल्य पर्ने ढाका सामग्री उपलब्ध गराउन सकिनेछ।

६.नगर प्रमुखको तोक आदेश बमोजिम ढाका सामाग्रीहरु अतिथिको लागि जिन्सी शाखाले निकासा गर्नेछ।

७.नगरपालिकामा उपस्थित हुने अतिथिलाई मात्रै यस्तो उपहार प्रदान गर्न सकिनेछ।

८.जिन्सी शाखाले यस्तो ढाका सामग्री निकासा भए पश्चात्त सम्बन्धित अतिथि नगरपालिकामा उपस्थित भएको माइन्युट, हस्ताक्षर र तस्बिर सहितको अभिलेख अनिवार्य राख्नुपर्नेछ।

९.नगरपालिकामा उपस्थित नभएका अतिथिको लागि यस्ता ढाकाका सामग्री निकासा गरिनेछैन।

१०.एक आर्थिक वर्षमा एकै जना अतिथिलाई एक पटक भन्दा बढी ढाकाका सामग्री उपहार स्वरुप प्रदान गरिने छैन।

## परिच्छेद ३

## अतिथि सत्कार बापतको खर्च भुक्तानीको प्रक्रिया, दर र आवश्यक कागजात

११. नगरपालिकामा विभिन्न समयमा पाल्ने अतिथिहरुलाई नगरपालिकाले स्वागत तथा सत्कार गर्न सक्नेछ। त्यस्ता अतिथिहरु नगरपालिकामा उपस्थित भएको माइन्युट तथा हस्ताक्षर नगर प्रमुखको सचिवालयले तयार गर्नेछ।

१२. अतिथिको स्वागत तथा सत्कारमा खाना, खाजा,वास खर्च नगरपालिकाको स्वीकृत बार्षिक बजेटको सीमा भित्र रही **ढाका प्रवर्द्धन तथा अतिथि सत्कार** शीर्षकबाट भुक्तानी गर्न सकिने छ ।

१३. अतिथिको लागि आधारभूत सुविधा भएको आवास मात्र प्रयोग गर्नुपर्नेछ। त्यस्तो वास खर्च वापतको रकम होटको बिल भर्पाई बमोजिम भुक्तानी गर्न सकिने छ।

संजय कुमार तुम्बाहाङ्फे
नगर प्रमुख

१४.अतिथिको सवारी साधनमा अधिकतम ५० लिटर इन्धन उपलब्ध गराउन सकिनेछ।

१५.नगरपालिकामा उपस्थित हुने अतिथिको मात्रै यस्ता खर्च बापतको रकम भुक्तानी गर्न सकिने छ।

१६. खाना, खाजा, होटल वास एवम् इन्धनको लागि सम्बन्धित होटल वा पम्पलाई नगर प्रमुखको लिखित निर्देशन बमोजिम जिन्सी शाखाले अर्डर स्लिप प्रदान गर्नेछ।

१७. जिन्सी शाखाले यस्तो ढाका सामग्री निकासा भए पश्चात्त सम्बन्धित अतिथि नगरपालिकामा उपस्थित भएको माइन्युट, हस्ताक्षर र तस्बिर सहितको अभिलेख अनिवार्य राख्नुपर्नेछ।

१८.एक आर्थिक वर्षमा एकै जना अतिथिको एक पटक भन्दा बढी यस प्रकारको खर्च बापतको रकम भुक्तानी गरिने छैन।

१९. ढाका प्रवर्द्धन तथा अतिथि सत्कार शीर्षकबाट अतिथि सत्कार बापतको खर्च रकम भुक्तानीको लागि निम्नानुसारका कागजातहरु पेश गर्नु पर्नेछः

(क) नगर प्रमुखको लिखित निर्देशन,

(ख) जिन्सी शाखा बाट जारी भएको अर्डर स्लिप,

~~(ग) अतिथिहरुको उपस्थिति र हस्ताक्षर सहितको माइन्युट~~

(घ) नगर प्रमुखको सचिवालयले तयार गरेको छलफलका क्रममा सम्पादन गरिएका मुख्य कार्य, आइपरेका चुनौतीहरु, हासिल भएका उपलब्धि समेटिएको तस्बिरहरु सहितको प्रतिवेदन,

(ङ) आवास, खाना, खाजा, यातायात एवम् इन्धनको प्रमाणित बिल,

२०. खारेजी र बचाउः नगर कार्यपालिकाबाट स्वीकृत भई यस कार्यविधिमा तोकिएका सम्पूर्ण कागजातहरु पूरा भएमा यो कार्यविधि जारी हुनु भन्दा अगाडि भएका ढाका सामग्री प्रयोग तथा अतिथि सत्कार कार्यक्रममा भएको खर्च बापतको रकम पनि भुक्तानी गर्न बाधा पर्ने छैन।

संजय कुमार तुम्बाहाङ्फे
नगर प्रमुख